



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ६१ वर्षदेखि समर्पित– राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३४ अंक ३ | असोज २०८३ | Year 34 Vol. 3 | Sep./Oct. 2026


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडद्वारा विभाग स्तरीय गोष्ठी सम्पन्न

**काठमाडौं, असोज १२।**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. २०८२/८३ को लक्ष्य प्रगति समीक्षा तथा आ.व.२०८३/८४ को रणनीतिक बजेट कार्यान्वयनको लागि विभाग स्तरीय गोष्ठी असोज १० र ११ गते काठमाडौंमा सम्पन्न भयो। बैंकका संचालक समितिका अध्यक्ष डा. सुमन दाहालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बैंकका संचालक समितिका सदस्यहरु आस्था भट्ट, घुरन ठाकुर र डा. रोशी लामिछानेको उपस्थिति रहेको थियो।




गोष्ठीमा आफ्नो मन्तव्य राख्दै अध्यक्ष डा. दाहालले बैंकले गत वर्षको समस्यामूलक र अप्ठेरो अवस्थामा समेत राम्रो नाफा कमाउन सफल भएकोमा बैंकको उच्च व्यवस्थापन लगायत सबै विभागीय प्रमुखहरुलाई बधाई तथा धन्यवाद ज्ञापन गर्दै आगामी वर्षमा पनि बैंकले लिएका लक्ष्यहरु पुरा गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो। मन्तव्यकै क्रममा उहाँले हाल बैंकमा रहेको सम्पूर्ण टिममा बिज्ञ व्यक्तित्वहरु रहेको र सोही बमोजिम राम्रो कार्यसम्पादन भैरहेकोमा खुशी व्यक्त गर्दै कतिपय सरकारी संयन्त्रहरुले सोचे अनुरुप कार्यसम्पादन गर्न नसकिरहेको अवस्थामा पनि राष्ट्रिय वाणिज्य बैंकले अडिग भएर उत्कृष्ट सेवा र नतिजाका साथ अगाडी बढिरहेको धारणा व्यक्त गर्नुभयो। सरकारले सुशासनमा आफ्नो ध्यान केन्द्रीत गरिरहेको अहिलेको परिप्रेक्ष्यमा बैंकले पनि सोही अनुरुप अगाडि बढ्दै आफ्ना निर्दिष्ट लक्ष्यहरुलाई Quality Policy अन्तर्गत राखी अगाडि बढाउन निर्देशन दिनुभयो।

त्यसैगरी कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत देबेन्द्र रमण खनालले राष्ट्रिय वाणिज्य बैंकले हरेक आर्थिक वर्ष समाप्तीपछि सो आर्थिक वर्षमा गरेका प्रगतिको

...बाँकी पृष्ठ ४ मा

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडद्वारा सञ्चालक शिक्षा कार्यक्रम सम्पन्न

**काठमाडौं, असोज ५।**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका सञ्चालक समिति तथा व्यवस्थापन समितिका पदाधिकारीहरुको उपस्थितिमा असोज ३ र ४ गते सञ्चालक शिक्षा कार्यक्रम काठमाडौंमा सम्पन्न भयो। उक्त कार्यक्रममा Global & National Economy: Challenges & Opportunities र Global Risk Management: Environment & Governance विषयमा अभिमुखीकरण गरिएको थियो।



कार्यक्रम मार्फत बैंकको निर्णायक तहमा रहनुभएका पदाधिकारीहरुको भूमिका र जिम्मेवारीको स्पष्टता ल्याउने, निर्णय क्षमतामा सुधार ल्याउने, बैंकको कानुनी अनुपालन तथा जोखिम व्यवस्थापनमा सघाउ पुग्ने र बैंकमा संस्थागत सुशासन कायम गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ।

नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनमा बैंक तथा वित्तीय संस्थाहरुले वार्षिक रूपमा यस किसिमको कार्यक्रम गर्नुपर्ने उल्लेख गरिएको छ। सोही व्यवस्था अनुरुप राष्ट्रिय वाणिज्य बैंकले यो कार्यक्रम आयोजना गरेको हो।

# प्रमुख कार्यकारी अधिकृतको सन्देश



सम्पूर्ण कर्मचारी मित्रहरु, ग्राहकवर्ग एवं सरोकारवालाहरुमा हार्दिक नमस्कार !

हामीले हालै मात्र आ.व. २०८२/८३ को सम्पूर्ण शाखा, प्रादेशिक कार्यालय एवं विभाग स्तरीय लक्ष्य प्रगती समीक्षा तथा बैंकको आ.व. २०८३/८४ को रणनीतिक बजेट कार्यान्वयन गोष्ठी सम्पन्न गरेका छौं । उक्त गोष्ठी मार्फत प्राप्त सल्लाह, सुझाव एवं पृष्ठपोषणका आधारमा हामी अगाडि बढ्दै छिटोछरितो एवं ग्राहकमैत्री सेवा प्रवाह र गुणस्तरीय कर्जा विस्तारमा ध्यान केन्द्रित गर्नुपर्दछ ।

मित्रहरु, हामी चालु आर्थिक वर्षको पहिलो त्रैमासको अन्त्यतिर छौं । यस बीचमा मुलुकले ठूला प्राकृतिक विपत्तिका घटनाहरु सामना गर्नुपर्यो, जसले गर्दा मुलुकले ठूलो जनधनको क्षति व्यहोर्नुपर्यो । मुलुकको अर्थतन्त्रमा थप दबाब सिर्जना हुँदै गर्दा हामी बैंकिङ्ग क्षेत्रमा आबद्ध हुनेहरुले थप सजग एवं जिम्मेवार भई प्रस्तुत हुनुपर्दछ । हामीले मुलुकको आवश्यकता, बैंकको वित्तीय अवस्था, उपलब्ध स्रोतसाधन, जनअपेक्षा लगायतका विषयलाई ख्याल गर्दै व्यवसाय विस्तारमा अगाडि बढ्नुपर्छ ।

हामी अहिले नेपालीहरुको महान् चाड दशैंको माहोलमा छौं । साथै छिट्टै नै तिहार, छठ, ल्होसार लगायतका चाडपर्वलाई पनि स्वागत गर्ने तरखरमा छौं । चाडपर्वको समयमा बजारमा चहलपहल बढ्ने र व्यवसायमा पनि वृद्धी हुने गर्दछ । यही अवसरको सदुपयोग गर्दै हामीले पनि कर्जा विस्तार र कर्जा असुलीलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्दछ । बैंकले विभिन्न कर्जा तथा सेवासुविधामा चाडपर्व विशेष अफर ल्याएको छ । यसका बारेमा ग्राहकलाई जानकारी गराउनु र बैंकका सेवाप्रति आकर्षित गर्नु हामी सबैको कर्तव्य रहन्छ ।

कर्मचारी मित्रहरु, चाडबाडको समयमा अन्य समय भन्दा बढी सुरक्षा चुनौती बढ्ने हुँदा हामी यो बेलामा थप चनाखो हुनुपर्छ । कार्यालयको भौतिक सुरक्षा देखि ग्राहक खाता तथा कारोबारको डिजिटल सुरक्षा सम्ममा हामीले निगरानी राख्नुपर्ने हुन्छ । पछिल्लो समयमा बैंकको नाम जोडी डिजिटल वित्तीय ठगीमा संलग्न गिरोहको सकृयता बढेकाले पनि हामीले ग्राहकलाई आफ्ना व्यक्तिगत विवरणहरु सुरक्षित राख्न र आफ्ना बैंकिङ्ग कारोबार सुरक्षित गर्न सचेत गराउनुपर्छ ।

अन्त्यमा, नेपालीहरुको महान् चाड दशैं, तिहार, नेपाल संवत् ११४७, छठ पर्व लगायतका चाडपर्वहरुको अवसरमा यसै सन्देश मार्फत सम्पूर्ण सेवाग्राही, निक्षेपकर्ता, कर्जा ग्राहक, कार्यरत कर्मचारी लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना सहित बैंक परिवारको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । धन्यवाद !

RBB कृषि कर्जा

RBB Agriculture Loan मार्फत कृषि उत्पादन, प्रशोधन र बजारीकरणका लागि सहज रुपमा कर्जा सुविधा प्राप्त गर्न नजिकैको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस् ।

# बैंकको उच्च व्यवस्थापन तथा विभागीय प्रमुखलाई एआई सम्बन्धी प्रशिक्षण

**काठमाडौं, असोज २६ ।**

राष्ट्रिय वाणिज्य बैंकद्वारा बैंकका उच्च व्यवस्थापन तथा विभागीय प्रमुखलाई एआई सम्बन्धी प्रशिक्षण प्रदान गरिएको छ । बैंकको सिकाई तथा विकास विभागद्वारा सोमबार काठमाडौंमा आयोजित "Artificial Intelligence for Banking Executives: Opportunities, Applications and Ethical Considerations" विषयक प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले हाल एआईको विकास र प्रयोग संसारमै तीव्र गतिमा भैरहेको सन्दर्भमा बैंकले पनि आगामी दिनमा यस किसिमका नविनतम प्रविधिलाई बैंकको हित हुने गरी प्रयोगमा ल्याउन सक्ने धारणा व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतद्वय विनय रमण पौडेल र पवन रेग्मी, उप-कार्यकारी अधिकृतहरु दुर्गा कुमारी कंडेल (छत्कुली), राम कुमार थापा, निम्बल श्रेष्ठ र भीम प्रसाद घिमिरे, २३ वटा विभागका विभागीय प्रमुख तथा २ वटा विशिष्ट शाखा कार्यालयका शाखा प्रबन्धकहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।




कार्यक्रममा काठमाडौं विश्वविद्यालयका एसोसियट प्रोफेसर मनोज शाक्यले प्रशिक्षण दिनुभएको थियो ।

# आरविवि मर्चेन्टद्वारा लगानीकर्ता शिक्षा कार्यक्रम सम्पन्न



**काठमाडौं, असोज २२ ।**

असोज १९ गतेदेखि २५ गतेसम्म मनाईने विश्व लगानीकर्ता सप्ताहको अवसरमा आरबीबी मर्चेन्ट बैंकिङ्ग लिमिटेडले इन्जिनियरिङ्ग अध्ययन संस्थान थापाथली क्याम्पसमा स्नातक तह अध्यनरत विद्यार्थी, प्राध्यापक तथा कर्मचारीको लागि सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ ।

विद्यार्थी, प्राध्यापक तथा कर्मचारी गरी करिब ६० जनाको सहभागिता रहेको उक्त कार्यक्रममा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बद्री प्रसाद प्याकुरेल, वरिष्ठ प्रबन्धक अजय घिमिरे र सहायक प्रबन्धक सृजना बाँस्कोटाले मर्चेन्ट बैंकिङ्ग तथा लगानीका सम्बन्धमा प्रस्तुतीकरण दिनुभएको थियो । सोही अवसरमा उहाँहरुले सहभागीहरुका जिज्ञासालाई सम्बोधन गर्नुभएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको अगुवाईमा रुकुम पश्चिममा २१ मेगावाटको जल्दीगाड जलविद्युत आयोजना निर्माण हुने

**काठमाडौं, असोज २।**

रूकुम पश्चिम जिल्लाको आठबिसकोट नगरपालिकामा बन्ने २१ मेगावाट क्षमताको जल्दीगाड जलविद्युत आयोजना निर्माणको लागि प्रबर्द्धक कम्पनी र सहवित्तीयकरणमा सहभागी बैंकहरू बीच वित्तीय व्यवस्थापन सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ।

आयोजनाको कूल लागत रू. ४ अर्ब ६० करोड रूपैयाँ मध्ये राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको अगुवाईमा नेपाल बैंक लिमिटेड र नेपाल पूर्वाधार विकास बैंक लिमिटेड मार्फत सहवित्तीयकरण कर्जा ३ अर्ब ४२ करोड रुपैयाँ प्रदान गर्ने र बाँकी रकम स्वपूँजीबाट व्यवस्थापन गर्ने सहमती भएको छ।

सहवित्तीयकरण कर्जातर्फ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको १ अर्ब ४२ करोड रुपैयाँ, नेपाल बैंक लिमिटेडको १ अर्ब रुपैयाँ र नेपाल पूर्वाधार विकास बैंक लिमिटेडको १ अर्ब रुपैयाँ लगानी रहनेछ।

यस प्रकारको आयोजनामा वित्तीय साझेदारको रूपमा अगुवाई गर्न पाउनु बैंकको लागि गौरवको विषय हो। यसबाट कर्णाली क्षेत्रको आर्थिक तथा



सामाजिक विकासमा सकरात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

आयोजना निर्माणका लागि आवश्यक वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने उद्देश्यले आयोजना तथा बैंक प्रतिनिधिहरूको उपस्थितिमा बिहीबार राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको केन्द्रीय कार्यालय सिंहदरबारप्लाजामा एक समारोहका बीच सम्झौता पत्र आदानप्रदान गर्ने कार्य सम्पन्न गरिएको छ।

# शाखा कार्यालय नलगाडद्वारा वित्तीय साक्षरता कार्यक्रम आयोजना




**जाजरकोट, असोज १५।**

जाजरकोट जिल्ला नलगाड नगरपालिका वडा नम्बर ७ दल्लीमा अवस्थित त्रिभुवन माध्यमिक विद्यालयमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ। राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय नलगाडको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका कक्षा १० देखि १२ सम्मका विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय सेवाग्राहीहरू गरी ८१ जनाको सहभागिता रहेको थियो।

विद्यार्थीहरूमा सानै उमेरदेखि नै बचत गर्ने बानीको विकास गर्ने, वित्तीय अनुशासन तथा आधारभूत बैंकिङ सेवाहरु बारे जानकारी दिने र पछिल्लो समयमा बढ्दै गइरहेका डिजिटल बैंकिङ्ग सम्बन्धी ठगीहरुबाट बच्न सचेत गराउने उद्देश्यका साथ आयोजित कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय नलगाडका निमित्त शाखा प्रबन्धक नम्रता चपाई, क्यासियर पदम हमाल तथा कर्जा इन्चार्ज दीपक बि.क.ले सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा उपस्थित सहभागीहरुद्वारा बैंकबाट उपलब्ध हुने सेवाहरुका बारेमा राखिएको जिज्ञासा सम्बोधन गरिएको थियो। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आफ्नो सामाजिक उत्तरदायीत्व बहन गर्दै समय समयमा स्थानीय समुदायस्तरमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्दै आएको छ।

# आरबिबि मर्चेन्ट बैंकिङको एघारौं वार्षिक साधारण सभा सम्पन्न

**काठमाडौं, असोज २९।**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको शतप्रतिशत लगानीमा स्थापना भएको आरबिबि मर्चेन्ट बैंकिङ लिमिटेडले आफ्नो एघारौं वार्षिक साधारण सभा सम्पन्न गरेको छ। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको केन्द्रिय कार्यालय सिंहदरबार स्थित सभाहलमा सञ्चालित साधारणसभामा कम्पनीका अध्यक्ष विनय रमण पौडेलले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। छलफलपछि सभाले आर्थिक वर्ष २०८२/८३ को वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजीको २० प्रतिशत अर्थात् चार करोड रुपैयाँ कर सहित नगद लाभांश वितरण गर्ने निर्णय




गरेको छ।

सभाले कम्पनीको आ.व. २०८३/८४ को वाह्य लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने निर्णय गर्नुका साथै कम्पनीका नवनियुक्त सञ्चालकहरूको नियुक्ति अनुमोदन गरेको छ। सभामा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका उपकार्यकारी अधिकृत निम्बल श्रेष्ठले शेयरधनीको तर्फबाट प्रतिनिधित्वसहित सहभागिता जनाउनु भयो।

प्रमुख अतिथिका रूपमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनाल उपस्थित हुनुभएको उक्त कार्यक्रममा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडका प्रतिनिधि, बाह्य लेखा परीक्षकहरू तथा आरबिबि म्युचुअल फण्ड १ र २ का लेखा परीक्षकहरूको पनि उपस्थिति रहेको थियो।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत बद्रि प्रसाद प्याकुरेलका अनुसार आर्थिक वर्ष २०८२/८३ मा आरबिबि म्युचुअल फण्ड १ ले २.७५ प्रतिशत, म्युचुअल फण्ड २ ले ६ प्रतिशत र आरबिबि मर्चेन्ट बैंकिङले २० प्रतिशत नगद लाभांश वितरण गर्न कम्पनी सफल भएको छ।

# क्यासियर र टेलर कर्मचारीका लागि तालिम सञ्चालन

**काठमाडौं, असोज १२ ।**

राष्ट्रिय वाणिज्य बैंकद्वारा नगद सहायक/नगद अधिकृत र टेलर कर्मचारीहरुका लागि व्यवहारिक तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको छ ।

बैंकको सिकाई तथा विकास विभागद्वारा काठमाडौंमा असोज १० र ११ गते टेलर कर्मचारीहरुका लागि Training on Teller



Excellence Program आयोजना गरियो । उक्त तालिम कार्यक्रममा बैंकका काठमाडौं उपत्यकाका



शाखा कार्यालयहरु सहित बनेपा र धुलिखेल शाखाका गरी ६० जना कर्मचारीहरुको सहभागीता रहेको थियो । सो तालिम कार्यक्रममा दस्तखत परिक्षण तथा जालसाजी पहिचान, नक्कली नोट पहिचान, ग्राहकसंग गर्नुपर्ने व्यवहार लगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

यस अघि असोज ४ देखि ६ गतेसम्म बैंकद्वारा काठमाडौंमा नगद सहायक/ नगद अधिकृत कर्मचारीहरुका लागि सुन तथा मुद्रा पहिचान सम्बन्धी तालिम आयोजना गरिएको थियो । उक्त तालिम कार्यक्रममा बैंकका काठमाडौं उपत्यकाका शाखा कार्यालयहरुमा कार्यरत २६ जना कर्मचारीहरुको सहभागीता रहेको थियो ।



सो तालिम कार्यक्रममा दस्तखत परिक्षण तथा जालसाजी पहिचान, सुन तथा मुद्रा पहिचान, सुन कर्जा सम्बन्धी नीतिगत व्यवस्थाहरु लगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

... बाँकी पृष्ठ १ बाट

बारेमा समीक्षात्मक गोष्ठी गर्ने परम्परा रहेको तथा गोष्ठीमा चालू आर्थिक वर्षको लागि लिइएका बजेटका रणनीनिक कार्यक्रमहरुलाई कसरी कार्यान्वयन गर्ने भन्ने बारेमा पनि छलफल गर्ने गरेकोमा यस वर्ष भने अलि फरक ढंगबाट कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले पहिलेका वर्षहरुमा विभागीय प्रमुखहरुको कुरा सुनी बजेटमा आएका विषयहरुलाई कार्ययोजनामा कसरी कार्यान्वयन गर्ने भन्ने विषय शाखा कार्यालयहरुमा लिएर जाने गरेकोमा यस वर्ष सबै विभागहरुको कार्यक्रम भन्दा पहिला ९ वटा स्थानमा ७ वटै प्रदेश तथा ३१४ वटा शाखा कार्यालयका प्रमुखहरु संगै बसेर रणनीतिक योजना, शाखा कार्यालयहरुको लक्ष्य प्रगति समीक्षा तथा शाखाहरुका समस्या तथा नीतिगत अप्ठेराहरुको बारेमा छलफल गरेको र शाखा प्रबन्धकहरुले दिनुभएको सुझाव तथा पृष्ठपोषणहरुलाई के कसरी सम्बोधन गर्न सकिन्छ भनी यस किसिमले विभागीय प्रमुख स्तरीय गोष्ठीमा छलफल गरी हल गर्ने कार्ययोजना रहेको बताउनुभयो ।

कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतद्वय विनय रमण पौडेल र पवन रेग्मी, उप-कार्यकारी अधिकृतहरु दुर्गा कुमारी कंडेल (छत्कुली), राम कुमार थापा, निम्बल श्रेष्ठ र भीम प्रसाद घिमिरे, २३ वटा विभागका विभागीय प्रमुख तथा २ वटा विशिष्ट शाखा कार्यालय (मुख्य शाखा र कर्पोरेट)का शाखा प्रबन्धकहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा लक्ष्य प्रगतिको समीक्षा तथा आ.व. २०८३/८४ मा सम्पादन गरिने कार्यक्रमहरुको बारेमा सञ्चालक समिति तथा उच्च व्यवस्थापनको तर्फबाट सबै विभाग एवं विशिष्ट शाखा कार्यालयहरुलाई निर्देशन प्रदान गरिएको थियो भने सम्पूर्ण विभागीय तथा कार्यालय प्रमुखहरुबाट गत वर्षको प्रगति तथा आगामी वर्षको कार्ययोजना सहित आ-आफ्ना धारणाहरु व्यक्त गर्नुभएको थियो । ब्राञ्च अपरेशन विभागको सहजीकरणमा सम्पन्न भएको कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत पवन रेग्मीले स्वागत मन्तव्य राख्नु भएको थियो भने उपकार्यकारी अधिकृत श्री भिम प्रसाद घिमिरेज्यूले सहजकर्ताको भूमिका निभाउनुभएको थियो ।



# गोरखाको भच्चेक शाखाद्वारा होमस्टे सञ्चालकका लागि वित्तीय साक्षरता कार्यक्रम आयोजना



**गोरखा, असोज २४ ।**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय भच्चेकले गोरखाको अजिरकोट गाउँपालिका वडा नं. ३ र ५ मा होमस्टे (घरबास) सञ्चालन गर्दै आउनुभएका अमर ज्योति आमा समूहका उद्यमशील महिला दिदीबहिनीहरूका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । स्थानीय महिला उद्यमीहरूको वित्तीय ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्दै आर्थिक आत्मनिर्भरता र उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा बचतको महत्त्व, बैंकिङ्ग सेवाको प्रभावकारी उपयोग, कर्जाको सदुपयोग, डिजिटल बैंकिङ्ग, वित्तीय अनुशासन तथा आय–व्यय व्यवस्थापन लगायतका विषयमा जानकारीमूलक प्रस्तुतीकरण गरिएको थियो ।

शाखा प्रबन्धक मिलन आचार्य र सहायक शाखा प्रबन्धक प्रेमप्रसाद देवकोटाले वित्तीय साक्षरतासम्बन्धी प्रस्तुतीकरण गर्नुभएको उक्त कार्यक्रमको सहजीकरण सहायक प्रवीण आलेले गर्नुभएको थियो । महिला सशक्तीकरण, वित्तीय समावेशीकरण तथा स्थानीय उद्यमशीलताको प्रवर्द्धनमार्फत आर्थिक रूपमा सबल, सक्षम र आत्मनिर्भर समाज निर्माणमा योगदान पुऱ्याउने उद्देश्यका साथ बैंकले यस्ता कार्यक्रमलाई प्राथमिकता दिँदै आएको छ ।




# वित्तीय सचेतनामूलक सामग्री

## सफा नोट - सभ्यताको प्रतिक

बैंक वा वित्तीय संस्था तथा सर्वसाधारणबाट चलनचल्तीमा ल्याउन योग्य रहेका सफा, सुकिला र नबिग्रिएका बैंक नोटहरूलाई नै सफा नोट भनिन्छ । नेपाल राष्ट्र बैंकले नोटको जतन गर्न र बजारमा सफा नोट मात्र कायम राख्न 'सफा नोट नीति' लागू गरेको छ । यस नीति अनुसार नोटलाई लामो समयसम्म टिकाउ र प्रयोगयोग्य बनाउन निश्चित मापदण्डहरू तोकिएका छन् ।

### सफा नोट सम्बन्धी मुख्य नियमहरू:

- **केरमेट गर्न नहुने :** नोटको दायाँ-बायाँ, मुख्य भाग वा गभर्नरको हस्ताक्षर भएको ठाउँमा केही पनि लेख्न, कोर्न वा केरमेट गर्न पाइँदैन ।
- **क्रस वा स्टिच गर्न नहुने :** नोटहरूलाई सिलाउने (स्टिच गर्ने), पिन लगाउने, प्वाल पार्ने वा च्यातिने गरी क्रस गर्ने कार्य गर्न हुँदैन ।
- **रङ वा रसायन लगाउन नहुने :** नोटमा कुनै किसिमको रङ, अबिर, मसी वा कुनै पनि प्रकारका रसायनहरू पार्नु हुँदैन ।
- **सकभर पट्याउन नहुने :** नोटलाई भाँच्ने, धेरै पटक खुम्च्याउने वा कच्याककुचुक पार्नु हुँदैन बरु नोटलाई सिधा पारेर राख्ने प्रयास गर्नुपर्छ ।
- **नोट भिजाउन नहुने :** नोटलाई ओस्याउने, भिजाउने या धुने गर्नु हुँदैन बरु नोटलाई सुख्खा राख्ने प्रयास गर्नुपर्छ ।

### एउटा सभ्य नागरिकको कर्तव्य:




- बैंक नोट तथा सिक्काहरुको सुरक्षा गर्ने
- जतन एवम् सुझबुझपूर्ण ढङ्गले नोट तथा सिक्काहरुको प्रयोग गर्ने
- नोटलाई यथासक्य सफा राख्न प्रयास गर्ने
- नोटलाई माटो, धमिरा, आगो र पानीबाट जोगाउने
- सफा नोट सम्बन्धी नियमको पालना गर्ने गराउने
- नोटको जतन गर्न अनिवार्य रूपमा मनी ब्याग प्रयोग गर्ने बानी बसाल्ने
- नोटको कारोबार गर्दा फोहोर गर्ने प्रवृत्तिलाई त्याग्ने
- नोटको संवेदनशिलताको ख्याल गर्ने
- नोटको हिफाजत गर्ने कुरा आफूले मनन् गरी अरुलाई पनि सिकाउने
- विद्युतीय प्रणालीबाट भुक्तानी गरी नोटको प्रयोग कम गर्न मद्धत गर्ने
- कारोबारको क्रममा शंकास्पद नोटहरू पाइएमा नजिकैको नेपाल राष्ट्र बैंकको कार्यालय वा अन्य बैंक तथा वित्तीय संस्थामा दाखिला गर्ने ।

### नोट सफा राख्नुका फाइदाहरु:

- नोटको आयु बढ्दछ
- नोट छाप्ने, वितरण गर्ने तथा मैला झुत्रा नोट पुनः जम्मा गरी त्यसलाई धुल्याउने कार्यमा भएको खर्च न्यूनीकरण हुन्छ
- नोटको असल पहिचान एवं आकर्षण कायम रहिरहन्छ
- नोट प्रयोगकर्ताको असल सभ्यताको पहिचान कायम रहन्छ

### नोटलाई जानी जानी क्षती पुऱ्याएमा हुने कारवाही:

- नेपालको प्रचलित कानुनले बैंक नोटलाई जलाउने, च्यात्ने, मक्काउने र नोटमा लेख्ने कार्यलाई अपराधको रुपमा लिएको छ ।
- मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २६३ मा नोटमा केरमेट गरे, जलाए तथा नोटमा विभिन्न किसिमले हानी-नोक्सानी पुऱ्याएमा ३ महिनासम्म कैद वा ५ हजार जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।
- अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले बैंक नोट जलाएमा उसलाई ऐन बमोजिम कारवाही हुने व्यवस्था छ ।

अतः बैंक नोट हाम्रो राष्ट्रिय पहिचान हो, आर्थिक कारोबारको महत्वपूर्ण माध्यम हो र राष्ट्रको गरिमासँग जोडिएको मूल्यवान सम्पत्ति पनि हो । यसको स्वच्छता, गुणस्तर र आयु कायम राख्न यसमा जथाभावी लेख्ने वा कोर्ने र यसलाई च्यात्ने वा अनावश्यक रूपमा बिगार्ने कार्य नगरौँ । सफा नोटको प्रयोग र संरक्षणलाई आफ्नो जिम्मेवारी र संस्कारका रूपमा आत्मसात् गर्दै सफा, सुन्दर र आकर्षक नेपाली मुद्रा प्रचलनमा ल्याउन योगदान गरौँ, असल नागरिकको परिचय दिऔँ ।

## मैथिली भाषामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

**सुनसरी, असोज २३ ।**




राष्ट्रिय वाणिज्य बैंक लिमिटेड कोशी प्रादेशिक कार्यालय विराटनगरको आयोजनामा सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिकामा मैथिली भाषामा वित्तीय साक्षरता कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। स्थानीयवासीलाई आफ्नै मातृभाषामा वित्तीय तथा बैंकिङ्गसम्बन्धी ज्ञान प्रदान गर्दा विषयवस्तु बुझ्न सहज हुने, सहभागिता पनि बढ्ने र सिकाइ अझ प्रभावकारी एवं फलदायी हुने अपेक्षाका साथ उक्त कार्यक्रम सञ्चालन गरिएको बैंकका प्रादेशिक प्रमुख हेमराज खरेलले बताउनु भयो।

कार्यक्रममा प्रादेशिक उप–प्रमुख बरुण कुमार कर्णले आधारभूत बैंकिङ्ग तथा कर्जा सम्बन्धी सत्र सञ्चालन गर्नुभएको थियो भने सहायक प्रबन्धक (सूचना प्रविधि) राहुल कर्णले सूचना प्रविधि, डिजिटल बैंकिङ्ग तथा वित्तीय ठगी सम्बन्धी सत्र सञ्चालन गर्नुभएको थियो।

विभिन्न समुदायका ५० जनाभन्दा बढी स्थानीयवासीहरूको उत्साहजनक सहभागिता रहेको उक्त कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गराउन देवानगञ्ज गाउँपालिकाका सूचना प्रविधि अधिकृत जनार्दन मेहताले आवश्यक सहयोग तथा सहजीकरण गर्नुभएको थियो। •••

## 'ई% आरबिबिएल डिबेन्चर २०८९' को बिक्री सर्वसाधारणको लागि खुला

**काठमाडौं, असोज २८ ।**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडद्वारा वार्षिक ६ प्रतिशत ब्याजदरमा रु. ३ अर्ब बराबरको '६% आरबिबिएल डिबेन्चर २०८९' निष्कासन गरेकोमा २०८३ असोज २९ गतेदेखि सर्वसाधारणका लागि उक्त डिबेन्चरको बिक्री खुला गरिएको छ।

अंकित मूल्य रु. १,००० दरका कुल ३० लाख इकाई डिबेन्चर निष्कासन गरिएकोमा निष्कासित कुल इकाईमध्ये ६० प्रतिशत अर्थात् १८ लाख इकाई (रु. १.८० अर्ब बराबर) व्यक्तिगत तवर (Private Placement) बाट बिक्रीका लागि छुट्याईएको र बाँकी रहेको ४० प्रतिशत अर्थात् १२ लाख इकाई (रु. १.२० अर्ब बराबर) सर्वसाधारणका लागि खुला गर्न लागिएको हो।

७ वर्ष अवधिको यस डिबेन्चरमा लगानीकर्ताहरूले असोज २९ गतेदेखि कात्तिक १० गतेसम्म आवेदन दिन सक्नेछन् । सो अवधिभित्र पूर्ण आवेदन नपरेमा निष्कासन अवधि कात्तिक १२ गतेसम्म लम्बिन सक्नेछ । लगानीकर्ताले न्यूनतम २५ इकाईदेखि अधिकतम सम्पूर्ण इकाईका लागि आवेदन दिन सक्ने व्यवस्था गरिएको छ। डिबेन्चरको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक कुमारी क्यापिटल लिमिटेड रहेको छ। •••

## गण्डकी प्रदेशमा थपिए राष्ट्रिय वाणिज्य बैंकका दुईवटा एक्सटेन्सन काउन्टर

**पोखरा, असोज ९ ।**



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको गण्डकी प्रादेशिक कार्यालय अन्तर्गत रहेका दुईवटा शाखाहरुले एक्सटेन्सन काउन्टर मार्फत सेवा दिन थालेका छन् । एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याउनेमा शाखा कार्यालय गोरखा र शाखा कार्यालय बेसीशहर रहेका छन्।

शाखा कार्यालय गोरखाद्वारा असोज ७ गतेदेखि सञ्चालनमा ल्याईएको बोर्लाङ एक्सटेन्सन काउन्टर गोरखा जिल्लाको भिमसेन थापा गाउँपालिका वडा नं ७ बोर्लाङ ठाँटीमा अवस्थित छ भने शाखा कार्यालय बेसीशहरद्वारा असोज ८ गतेदेखि सञ्चालनमा ल्याईएको चिती तिलाहार एक्सटेन्सन काउन्टर लमजुङ जिल्लाको बेसीशहर नगरपालिका वडा नं ११ चिती तिलाहारमा अवस्थित छ।




दुवै एक्सटेन्सन काउन्टरहरुको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड गण्डकी प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक पुष्पचन्द्र थापाले स्थानीय सेवाग्राहीलाई चेकबुक हस्तान्तरण गरी शुभारम्भ गर्नुभयो । शुभारम्भ कार्यक्रममा गण्डकी प्रादेशिक कार्यालय ब्रान्च अपरेशन फाँटका इन्चार्ज दयाराम पन्त, सम्बन्धित शाखा कार्यालयका शाखा प्रबन्धक, स्थानीय जनप्रतिनिधि, स्थानीय तह तथा बैंकका कर्मचारी लगायत स्थानीयबासीको उपस्थिति रहेको थियो। •••

## हार्दिक समवेदना

यस बैंकका शाखा कार्यालय चन्द्रौटाका शाखा प्रबन्धक ध्रुब पाण्डे (१२१९३) का पिता **मनिराम पाण्डे** भन्ने मनिराम शर्मा, शाखा कार्यालय गौशालामा कार्यरत उप-प्रबन्धक सरस्वती घिमिरे (१२५१८) का ससुरा बुवा **मात्रिका प्रसाद** पराजुली, शाखा कार्यालय तालचोकमा कार्यरत सहायक प्रबन्धक श्रद्धा सिग्देल (१३९७४) का ससुरा **बुवा टुकनाथ प्याकुरेल**, शाखा कार्यालय कटारीमा कार्यरत बरिष्ठ सहायक बेचन कुमार शाह (१३३९२) की आमा **गोल्हीया कुमारी देवी** र शाखा कार्यालय बुटवल खस्यौलीमा कार्यरत सहायक स्वस्तिका काफ्ले (१३०७५) का बुवा **शिवलाल काफ्ले**को केही समय पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
**परिवार**


**प्रकाशक**

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबार प्लाजा, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७२१२२०, Ext : २४२३
इमेल : rbbnl@rbb.com.np, वेवसाइट : www.rbb.com.np

**प्रमुख सल्लाहकार**
देवेन्द्र रमण खनाल
*प्रमुख कार्यकारी अधिकृत*

**सल्लाहकार**
भीम प्रसाद घिमिरे
*उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी*

**सम्पादक**
रुद्रप्रसाद अधिकारी

**ले-आउट**
सचन विश्वकर्मा